# कार्य शीर्षक र कुल तलब *(TTC)* परियोजना
# कार्य शीर्षक अपील

यदि तपाईंलाई कार्य शीर्षक र कुल तलब *(TTC)* परियोजनाको बेलामा नयाँ कार्य शीर्षक तोकिएको थियो (रेकर्डमा रहेको कार्य शीर्षक), तपाईंले अपील बुझाउनु पाउनुहुन्छ यदि:

- तपाई विश्वास गर्नुहुन्छ कि तपाईंको नयाँ आधिकारिक कार्य शीर्षक र स्थापित कार्य विवरण *(SJD)* तपाईंको हालको जिम्मेवारीहरूसँग मिल्दैनन्, र
- अर्को स्थापित कार्य विवरण *(SJD)* तपाईंको जिम्मेवारीहरूसँग अझै धेरै मिल्दछ

**आवश्यकताहरू**

- तपाईंले नोभेम्बर २२ देखि डिसेम्बर ३१, २०२१* सम्ममात्र अपील बुझाउनु पाउनुहुँदछ। यस समय पछिका अपीलहरूलाई विचारमा राखिनेछ। *व्यक्तिगत अवस्था अनुसार समय बढाइन सकिनेछ।
- तपाईंले अपील गर्नु अघि तपाईंले आफ्नो सुपरभाईजर र मानव संसाधन कार्यालयसङ तपाईंको अनुरोधको समाधान गर्न खोज्नुपर्नेछ।
- तपाईंले अपीलको कारण प्रदान गर्नुपर्नेछ।

**यी कुराहरू अपील गर्न पाइँदैन:**

- तपाईंको आधिकारिक कार्य शीर्षकको लागि तोकिएको तलब वर्ग
- तपाईंको आधिकारिक कार्य शीर्षकको लागि तोकिएको तलब श्रेणी
- *TTC* परियोजना कार्यन्वयनको परिणामको कारण तपाईंको तलब
- स्थापित कार्य विवरणमा *(SJD)* तोकिएको कार्य शीर्षक
- स्थापित कार्य विवरणमा *(SJD)* समावेश भाषा
- *Fair Labor Standards Act (FLSA)* अन्तर्गतको तपाईंको *exempt* वा *nonexempt* स्थिति अनुसार
- The method used to determine the assignment of your title and standard job description (SJD).

**निर्देशनहरू**

यो कार्य शीर्षक अपील आवेदनको *(Job Title Appeals Application)* कागजी संस्करण प्रविधिमा पहुँच नभएका वा अनुवादित प्रतिलिपि चाहिने कर्मचारीहरूका लागि उपलब्ध छ। यस आवेदनको जानकारी तपाईंको विभागीय मानव संसाधन कार्यालयद्वारा अन्लाईन *Automated Title Appeals* प्रणाली मार्फत राख्ने गरी बुझाइनेछ। तपाईंले आफ्नो अपीलको स्थिति बारे तपाईंलाई सूचित गर्ने इमेलहरू पाउनुहुनेछ र प्रारम्भिक बाहिरको अपील चरणहरूको लागि अन्लाईन आवेदन चलाउन आवश्यक हुनेछ।

तपाईंले अपीलको कारण आवेदन फारममा राख्नुपर्नेछ वा यस जानकारीको साथ छुट्टै कागजात प्रदान गर्नुपर्दछ।

यो आवेदन र तपाईंले समावेश गर्न चाहनुभएको कुनै अन्य कागजातहरू (अधिकतम ३ वटा सम्म) तपाईंको विभागीय मानव संसाधन कार्यालयमा बुझाउनुहोला।

**सबै कागजी आवेदनहरू डिसेम्बर ३१, २०२१ राती 11:59 बजे भित्रमा तपाईंको विभागीय मानव संसाधन कार्यालयमा बुझाइ सक्नुपर्नेछ।**

# कार्य शीर्षक अपील आवेदन

यदि तपाईं *Title and Total Compensation (TTC)* को समयमा तोकिएको आफ्नो कार्य शीर्षक (रेकर्डमा रहेको कार्य शीर्षक) अपील गर्न चाहनुहुन्छ भने, तपाईंले सो अपील यो आवेदन मार्फत बुझाउन सक्नुहुन्छ।

यो आवेदन पूरा गर्नुभएपछि, यो र अरू कुनै समावेश गर्न चाहनुहुने कागजातहरू तपाईंको विभागीय मानव संसाधन कार्यालयमा बुझाउन सक्नुहुनेछ। **सबै कागजी आवेदनहरू डिसेम्बर ३१, २०२१ राती 11:59 बजे भित्रमा तपाईंको विभागीय मानव संसाधन कार्यालयमा बुझाइ सक्नुपर्नेछ।**

---

**नाम:** ______________________________________________ **कर्मचारी *ID:*** ____________________

(प्रथम नाम) (थर)

**विभागको नाम:** __________________________________________________ ***UDDS:*** _______________

**पहिलेको कार्य शीर्षक:** ______________________________________________________________

**हालको कार्य शीर्षक:** ______________________________________________________________

**हालको कामको कोड:** ______________________________________________________________

**प्रस्ताव गरिएको कार्य शीर्षक *(Proposed Job Title)*** हालमा *Title and Standard Job Description (SJD) Library* मा उपलब्ध भएको हुनुपर्दछ। *Library* मा रहेको कार्य शीर्षकहरू हेर्नुहोला र तपाईंको प्रस्ताव गर्नुहुने कार्य शीर्षक तल राख्नुहोला।

**प्रस्ताव गरिएको कार्य शीर्षक:** ______________________________________________________________

एउटा लिखित **अपील औचित्य *(Appeal Justification)*** आवश्यक छ। तपाईंको औचित्य तलको खण्डमा वा बेग्लै कागजमा राख्न सक्नुहुन्छ।

______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________
______________________________________________________________________________

☐ मैले मेरो नयाँ आधिकारिक *TTC* कार्य शीर्षकको बारेमा मेरा चिन्ताहरू मेरो प्रबन्धक, सुपरभाईजर र विभागीय मानव संसाधनहरूसँग अनौपचारिक छलफलमा संलग्न भएको छु।

☐ हो वा ☐ होईन - म एक विभागीय मानव संसाधन प्रतिनिधि र मेरो सुपरभाईजरसँग मेरो अपीलको समीक्षा गर्न बैठक अनुरोध गर्न चाहन्छु।

**कर्मचारी हस्ताक्षर:** ______________________________________________ **मिति:** _____________

यो आवेदन डिसेम्बर ३१, २०२१ राती 11:59 बजे भित्रमा तपाईंको विभागीय मानव संसाधन कार्यालयमा बुझाइ सक्नुपर्नेछ।

# कार्य शीर्षक अपील प्रक्रिया

**तल पहिचान गरिएका मितिहरूले अपील समाधानको अपेक्षित समयरेखालाई सङ्केत गर्दछ, त्यहीपनि प्रत्येक अपीलको व्यक्तिगत परिस्थितिहरूको आधारमा समयरेखा परिमार्जन गर्न सकिन्छ। यी मितिहरू कर्मचारीले आवेदन बुझाउने र निर्णयहरूमा प्रतिक्रियाहरूको क्रमानुगत प्रक्रियाको लागि अनुमति दिन पनि मेल हुँदछ।**

## चरण १

**नोभेम्बर ७ - डिसेम्बर १०, २०२१: अनौपचारिक समाधान *(Informal Resolution)***

समाधान खोज्नका लागि आफ्नो प्रबन्धक, सुपरभाईजर, वा विभागीय मानव संसाधनहरूसँग आफ्ना विचारहरू साझा गर्न यो समय प्रयोग गर्नुहोला। तपाईंले आफ्नो कर्मचारी छलफलको समयमा वा त्यो छलफल पछि यो चरण पूरा गरिसक्नु भएको हुनसक्दछ। यदि चरण १ पूरा गरेपछि तपाईंले *Job Title Appeals Application* बुझाउनुभएपछि साथ चरण २ मा अगाडि बढ्न छनौट गर्नुभयो भने, तपाईंले फारममा चरण १ मा आफ्नो पूरा भएको सङ्केत गर्नुहुनेछ।

## चरण २

**नोभेम्बर २२ - डिसेम्बर ३१, २०२१: कर्मचारीहरूले सुपरभाईजर अथवा विभागीय मानव संसाधन प्रतिनिधिलाई समीक्षाको लागि औपचारिक अपील बुझाउन सक्दछन्।**

चरण २ तपाईंको कलेज, स्कूल, वा *Job Title Appeals Application* बुझाउनुभएर *TTC* कार्य शीर्षक तपाईंको असहमतिको बारेमा प्रशासनलाई सूचित गरेर अपील समाधान गर्न डिजाइन गरिएको हो। चरण २ को अवधिमा, तपाईंले अपीलको समीक्षा गर्न विभागीय मानव संसाधन प्रतिनिधि र तपाईंको सुपरभाईजरसँग बैठक अनुरोध गर्न वा उपस्थित हुन आग्रह गर्न सक्नुहुन्छ। अपील प्रक्रियामा यो एक मात्र समय हो जब तपाईंले बैठक अनुरोध गर्न सक्नुहुन्छ।

**निर्णय: नोभेम्बर २२, २०२१ – फेब्रुअरी ११, २०२२ -** तपाईंको विभागीय मानव संसाधन कार्यालयले तपाईंलाई अन्लाईन *TTC Automated Title Appeals* प्रणाली मार्फत लिखित निर्णय प्रदान गर्नेछ। तपाईंले निर्णयको लागि प्रणाली जाँच गर्न तपाईंलाई सूचित गर्ने इमेल पाउनुहुनेछ। यदि यस चरणको बेलामा कुनै समाधान भेट्टिएन भने, लिखित निर्णयले निर्णयलाई कसरी अपील गर्ने र चरण ३ मा अगाडि बढ्ने बारे निर्देशनहरू समावेश गर्नेछ।

## चरण ३

**नोभेम्बर २२, २०२१ – फेब्रुअरी १८, २०२२: कर्मचारीहरूले मानव संसाधनको कार्यालय *(OHR)* मा तलब टोलीमा *(Compensation Team)* आफ्नो अपील अगाडि बढाउन अनुरोध गर्न सक्दछन्।**

चरण ३ मानव संसाधन कार्यालय *(OHR)* मा रहेको तलब टोलीलाई चरण २ मा गरिएको निर्णयमा तपाईंको असहमतिको जानकारी दिएर अपील समाधान गर्न डिजाइन गरिएको हो। चरण ३ शुरू गर्न, तपाईंले *TTC Automated Title Appeals* प्रणाली प्रयोग गरी चरण २ निर्णयको साथ प्रदान गरिएका निर्देशनहरू पालना गर्नुपर्छ। **यो कार्य फेब्रुअरी १८, २०२२ सम्ममा गरिनुपर्नेछ। यदि तपाईंले फेब्रुअरी १८, २०२२ सम्ममा चरण ३ अपील बुझाउनुभएन भने, यो मुद्दा मिलाइएको मानिनेछ र थप अपीलको लागि योग्य हुनेछैन।**

तपाईंलाई तपाईंको सुपरभाईजर, अथवा विभागीय मानव संसाधन प्रतिनिधि सहित तलब टोली/*OHR* सँगको बैठकमा उपस्थित हुन सोध्न सकिन्छ, तर यस चरणमा औपचारिक बैठक आवश्यक छैन। तपाईंले अपील बैठकहरूमा भाग लिनुको सट्टा लिखित बयान बुझाउने छनौट गर्न सक्नुहुन्छ।

**निर्णय:** **नोभेम्बर २२, २०२१ – अप्रिल २९, २०२२** - तलब टोली/*OHR* को कर्मचारीले तपाईंलाई *TTC Automated Title Appeals System* मार्फत लिखित निर्णय प्रदान गर्ने छन्। तपाईंले निर्णयको लागि प्रणाली जाँच गर्न तपाईंलाई सूचित गर्ने इमेल पाउनुहुनेछ। यदि यस चरणको बेलामा कुनै समाधान भेट्टिएन भने, लिखित निर्णयले निर्णयलाई कसरी अपील गर्ने र चरण ४ मा अगाडि बढ्ने बारे निर्देशनहरू समावेश गर्नेछ।

**चरण ४**

**फेब्रुअरी ११, २०२२ – मे ६, २०२२: कर्मचारीहरूले *TTC Job Title Appeals Panel* सम्ममा आफ्नो अपील अगाडि बढाउन अनुरोध गर्न सक्दछन्।**

यदि तपाईं चरण ३ मा भएको निर्णयबाट सन्तुष्ट हुनुहुन्न भने तपाईंले प्रक्रियाको चरण ४ मा अपील गर्न सक्नुहुन्छ। चरण ४ *TTC Job Title Appeals Panel* द्वारा गरिएको समीक्षा हो जसमा तपाईंको अपील तेस्रो पक्षबाट हुनेछ। *OHR* ले प्रभावित साझा प्रशासन समूहहरूसँग परामर्श गरी *TTC Job Title Appeals Panel* चयन गर्नेछ। प्यानलमा निम्न मध्ये प्रत्येकबाट ३ जना सदस्य समावेश हुनेछन्:

- **तलब टोली/*OHR* कर्मचारी** जो चरण ३ मा निर्णायक थिएनन्।
- **कलेज/स्कूल/विभागको मानव संसाधन निर्देशक वा नियुक्त व्यक्ति** जो चरण २ मा निर्णायक थिएनन्। एक वैकल्पिक मानव संसाधन निर्देशक वा विभागबाट नियुक्त व्यक्ति (कर्मचारीको विभाग बाहेक) प्यानलमा सेवा गर्न सक्दछन्।
- **साझा प्रशासनका सदस्य** जो कर्मचारीको समान रोजगार वर्गमा (अर्थात, शैक्षिक वा युनिभर्सिटी कर्मचारी) पर्दछन्। यो व्यक्ति उपयुक्त साझा प्रशासन निकायद्वारा चयन गरिनेछ।

यो प्यानलले तपाईंको अपीलको समीक्षा गर्नेछ र चरण ३ मा गरिएको कार्य शीर्षक निर्णयको सम्बन्धमा निम्न मध्ये कुनै एक कार्य गर्ने निर्णय गर्नेछ।

- चरण ३ मा बनाइएको निर्णयसँग सहमत
- चरण ३ मा बनाइएको निर्णयसँग असहमत
- चरण ३ मा बनाइएको निर्णयको परिमार्जन

चरण ४ शुरू गर्न, तपाईंले मे ६, २०२२ सम्ममा अन्लाईन *Automated Title Appeals* प्रणाली मार्फत आफ्नो अपील बुझाउनुपर्नेछ। **यदि तपाईंले मे ६, २०२२ सम्ममा चरण ४ अपील बुझाउनुभएन भने, मामिलालाई समाधान भएको मानिनेछ र थप अपीलको लागि योग्य हुनेछैन।**

**निर्णय:** **फेब्रुअरी १८, २०२२ – जुलाई १, २०२२** - तपाईंको अपीलको पूरा समीक्षा गरेपछि, प्यानलले तपाईंलाई *TTC Automated Title Appeals* प्रणाली मार्फत लिखित निर्णय जारी गर्नेछ। प्यानलले चरण ३ को निर्णयलाई उल्ट्याउन वा परिमार्जन नगरेसम्म प्यानलको निर्णयलाई अन्तिम मानिनेछ। रेकर्डमा रहेको कार्य शीर्षकका असहमतिहरू *University of Wisconsin-Madison* को कुनै पनि गुनासो नीति वा अपील प्रक्रियाको अधीनमा छैनन्।

**चरण ५**

**फेब्रुअरी १८, २०२२ – जुलाई ३१, २०२२: प्रमुख मानव संसाधन अधिकारीले *(CHRO)TTC Job Title Appeals Panel* द्वारा उल्ट्याइएका वा परिमार्जन गरिएका निर्णयहरूको समीक्षा गर्दछन्।**

यदि प्यानलले चरण ३ को निर्णयलाई उल्ट्यायो वा परिमार्जन गर्‍यो भने, अपील प्रक्रियाको अन्तिम चरण, चरण ५ मा पुग्दछ। चरण ५ मा प्रमुख मानव संसाधन कार्यालयले *(CHRO)* अघिल्लो अपील चरणहरूका सबै कागजातहरूको समीक्षा, निष्कर्ष र निर्णय सिफारिस गर्नेछ, र अन्तिम कार्यको लागि निर्णयलाई अगाडि बढाउनेछ। यो निर्णयले प्यानलको निर्णय पुष्टि गर्न सक्नेछ वा फरक निर्णयतर्फ निर्देशित गर्न सक्दछ।

**निर्णय:** तपाईंको अपीलको पूरा समीक्षा गरेपछि, *CHRO* ले तपाईंलाई *TTC Automated Title Appeals* प्रणाली मार्फत लिखित निर्णय जारी गर्नेछ। यो निर्णयलाई अन्तिम र बाध्यकारी मानिनेछ र *TTC Job Title Appeals Policy* नीतिको प्रावधानहरू भित्र पुनरावेदन गर्न वा थप समीक्षाको अधीनमा रहन सक्दैन।